आठविसकोट नगरपालिकाको २६ औं बैठक मिति २०७५/०७/१७ गते का दिन आठविसकोट नगरपालिकाको नगर सभा हलमा नगर प्रमुख श्री गोर्खबहादुर के.सी. को अध्यक्षता र तपसिलका सदस्यहरुको उपस्थितिमा बस्यो । उक्त बैठकमा तपसिलमा उल्लेखित प्रस्तावहरु निर्णयार्थ पेश गरियो ।

| क्र.स | पदाधिकारीहरुको विवरण | | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | नाम, थर | ठेगाना | | २०७५/०७/१७ | |
| १ | गोर्ख बहादुर के.सी. | आठविसकोट-१० | नगर प्रमुख | | |
| २ | गीता नेपाली | आठविसकोट-११ | नगर उपप्रमुख | | |
| ३ | रामबहादुर के.सी. | चौरजहारी नपा-१२ | नि.प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | देवबहादुर घर्ती | आठविसकोट-१ | वडा अध्यक्ष | | |
| ५ | देवबहादुर यरी | आठविसकोट-२ | वडा अध्यक्ष | | |
| ६ | केशरमान वि.क. | आठविसकोट-३ | वडा अध्यक्ष | | |
| ७ | बाबुराम विष्ट | आठविसकोट-४ | वडा अध्यक्ष | | |
| ८ | प्रजिते कामी | आठविसकोट-५ | वडा अध्यक्ष | | |
| ९ | डिल बहादुर सार्की | आठविसकोट-६ | वडा अध्यक्ष | | |
| १० | नवराज बुढा | आठविसकोट-७ | वडा अध्यक्ष | | |
| ११ | मनबहादुर चदारा | आठविसकोट-८ | वडा अध्यक्ष | | |
| १२ | तारक बहादुर शाही | आठविसकोट-९ | वडा अध्यक्ष | | |
| १३ | गंगाराम चनारा | आठविसकोट-१० | वडा अध्यक्ष | | |
| १४ | हस्ते आग्री | आठविसकोट-११ | वडा अध्यक्ष | | |
| १५ | खुम्मे कुसारी | आठविसकोट-१२ | वडा अध्यक्ष | | |
| १६ | विनोद पुन | आठविसकोट-१३ | वडा अध्यक्ष | | |
| १७ | हुकुम बहादुर पुन | आठविसकोट-१४ | वडा अध्यक्ष | | |
| १८ | कल्पना खड्का | आठविसकोट-१४ | कार्यपालिका सदस्य | | |
| १९ | सिता शाह | आठविसकोट-१० | कार्यपालिका सदस्य | | |
| २० | प्रभा मल्ल वि.क. | आठविसकोट-४ | कार्यपालिका सदस्य | | |
| २१ | प्रेङका यरी | आठविसकोट-२ | कार्यपालिका सदस्य | | |
| २२ | आशिराम विश्वकर्मा | आठविसकोट-१३ | कार्यपालिका सदस्य | | |
| २३ | गोरख बहादुर कामी | आठविसकोट-११ | कार्यपालिका सदस्य | | |
| २४ | धन्नामे दमाई | आठविसकोट-३ | कार्यपालिका सदस्य | | |
| २५ | मनकली कामी | आठविसकोट-११ | कार्यपालिका सदस्य | | |
| २६ | गणेश चन्द | चौरजहारी नपा-१४ | सूचना प्रविधि अधिकृत | | |
| २७ | ज्ञानु आचार्य | चौरजहारी नपा-७ | प्रशासन सहायक | | |
| २८ | चन्दे कामी | आठविसकोट-११ | कार्यालय सहयोगी | | |
| | | | | | |
| | | | | | |

| प्रस्तावहरु | | |
|---|---|---|
| क्र.स. | प्रस्तावको नाम | कैफियत |
| १ | तेस्रो विद्यालय अनुगमन प्रतिवेदन, २०७५ सम्बन्धमा | |
| २ | नगर प्रहरी गठन सम्बन्धमा | |
| ३ | नगर शिक्षा समितिको मिति २०७५।०६।२३ गतेको निर्णय कार्यान्वयन सम्बन्धमा | |
| ४ | साझेदारी विधेयक, २०७५ सम्बन्धमा | |
| ५ | साझेदारी नीति, २०७५ सम्बन्धमा | |
| ६ | विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५ सम्बन्धमा | |
| ७ | आठविसकोट नगरपालिका आपतकालीन कार्यसञ्चालन विधि, २०७५ सम्बन्धमा | |
| ८ | आठविसकोट नगरपालिका मेलमिलाप कार्यसञ्चालन कार्यविधि, २०७५ सम्बन्धमा | |
| ९ | गैरसरकारी संस्था समन्वय, परिचालन तथा अनुगमन सम्वन्धी निर्देशिका, २०७५ सम्बन्धमा | |
| १० | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति कार्यविधि, २०७५ सम्बन्धमा | |
| ११ | बालमैत्री आचार संहिता, २०७५ सम्बन्धमा | |
| १२ | फोहोरमैला व्यवस्थापन नियमावली, २०७५ सम्बन्धमा | |
| १३ | कार्यक्रम तथा योजना सञ्चालन, कार्यान्वयन र फरफारक कार्यविधि, २०७५ सम्बन्धमा | |
| १४ | तालिम व्यवस्थापन तथा संचालन कार्यविधि, २०७५ सम्बन्धमा | |
| १५ | आठविसकोट नगरपालिका टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७५ सम्बन्धमा | |
| १६ | खर्चको मापदण्ड तथा कार्यविधि, २०७५ सम्बन्धमा | |
| १७ | आठविसकोट नगरपालिका भवन निर्माण सम्वन्धी कार्यविधि, २०७५ सम्बन्धमा | |
| १८ | धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समिति गठन तथा सञ्चालन निर्देशिका, २०७५ सम्बन्धमा | |
| १९ | आठविसकोट नगरपालिकाको जानकारीमूलक पुस्तिका(स्मारिका), २०७५ विमोचन सम्बन्धमा | |
| २० | यस नगरपालिकाको आ.व. २०७४।०७५ को आर्थिक कारोवारको महालेखा परिक्षक कार्यालयद्वारा जारी प्रारम्भिक लेखा परिक्षण प्रतिवेदन तथा बेरुजु संपरिक्षण सम्बन्धमा | |
| २१ | विविध सम्बन्धमा | |

निर्णयहरु

**निर्णय नं. १**

प्रस्ताव नं. २ मा व्यापक छलफल गर्दा स्थानीय तहलाई संविधानत् प्राप्त नगर प्रहरी सम्बन्धी अधिकारलाई व्यवस्थित ढङ्गले कार्यान्वयन गर्ने एवम् नगरपालिकाको कामकारवाही र निर्णयलाई प्रभावकारी ढंगले कार्यान्वयन गराउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरसभाबाट पारित आठविसकोट नगर प्रहरी विनियमावली, २०७४ बमोजिम नगरसभाबाट पारित वार्षिक बजेट तथा कार्यक्रमको परिधिभित्र रही कूल २० जना नगर प्रहरी देहाय बमोजिम भर्ना गर्ने निर्णय गरियो ।

क. नगर प्रहरी सहायक निरीक्षक पदमा ३ जना र एक जना भान्से सहित १७ जना नगर प्रहरी जवान पदमा आठविसकोट नगर प्रहरी विनियमावली, २०७४ अनुसार खुला प्रतिस्पर्धात्मक परिक्षाबाट छनौट गरी भर्ना गर्ने ।

ख. नगर प्रहरी विनियमावली, २०७४ अनुसारको आरक्षण प्रतिशतको आधारमा महिला दलित आदिवासीजनजाती पिछडीएको क्षेत्रको समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने ।

ग. कूल २० पदमध्ये १४ पद खुला प्रतियोगात्मक परिक्षाबाट र बाँकी ६ जना हाल कार्यरत नगर प्रहरीमध्येबाट छनौट गर्ने ।

घ. भान्सेको रु १३,०००।००, नगर प्रहरी जवानको रु १४,०००।००, प्रहरी हवल्दारको रु १५,०००।००, प्रहरी सहायक निरीक्षकको रु १६,०००।०० र प्रहरी नायव निरीक्षकको रु १८,०००।०० तलब स्केल कायम गर्ने र नेपाल प्रहरीले प्राप्त गर्ने प्रचलित दरअनुसारको राशनभत्ता उपलब्ध गराउने ।

ङ दरखास्त शुल्क भान्से र प्रहरी जवानको हकमा रु ८००।०० र प्रहरी सहायक निरीक्षकको हकमा रु १२००।००, आरक्षण कोटाको हकमा उल्लेखित दरखास्त शुल्कको ५० प्रतिशत

**निर्णय नं. २**

प्रस्ताव नं. २० मा व्यापक छलफल गर्दा यस नगरपालिकाको आ.व. २०७४।०७५ को आर्थिक कारोवारको महालेखा परिक्षक कार्यालयको प्रारम्भिक लेखा परिक्षण प्रतिवेदनमा उल्लेख भएका विषयहरुको सम्बन्धमा देहाय बमोजिम गर्ने :-

क. असूल उपर गर्नु भनि उल्लेखित व्यहोराको सम्बन्धमा सोही बमोजिम असुल उपर गर्ने तथा गराउने ।

ख. प्रमाण पेश गर्नु भनि उल्लेखित व्यहोराको सम्बन्धमा सम्बन्धित आयोजना, उपभोक्ता समिति, निकायबाट व्यहोरामा उल्लेखित प्रमाण कागजातहरु संकलन गर्ने एवम् गराउने । प्रमाण पेश गर्न नसक्ने स्थितिमा असूल उपर गर्ने तथा गराउने ।

ग. सुझावको रुपमा औंल्याईएका विषयहरुलाई गम्भीरतापूर्वक ग्रहण गर्दै अनुसरण गर्ने र अव उप्रान्त प्रचलित विधि नियम कानून बमोजिम नै बजेट तथा योजना कार्यान्वयन गर्ने तथा गराउने । नगरपालिकाका सबै कामहरुलाई नियमसंगत बनाउने ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ मा व्यापक छलफल गर्दा नगर शिक्षा ऐन २०७४, नगर शिक्षा नियमावली, २०७४ र शिक्षा सुधार कार्ययोजना २०७४, विद्यालय अनुगमन प्रतिवेदनमा उल्लेखित विषयहरुको कार्यान्वयनको लागि नगर शिक्षा समितिले मिति २०७५।०६।२३ गते गरेका निर्णयहरुलाई कडाईपूर्वक कार्यान्वयन गर्ने तथा गराउने । सो सम्बन्धमा देहाय बमोजिम गर्ने तथा गराउने ।

क. गुणस्तरिय शिक्षण सिकाई केन्द्रले ट्युशन तथा कोचिङ कक्षा सञ्चालनको लागि जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरेको अनुमति नवीकरण नगरी अनुमति रद्द गर्ने ।

ख. गुणस्तरिय शिक्षण सिकाई केन्द्रको बचाउको लागि यस नगरपालिका अन्तर्गत शिक्षा, युवा तथा खेलकूद शाखा संयोजक एवम् बालकल्याण मा.वि. राडीज्यूलाका मा.वि. तृतिय शिक्षक श्री थलवीर ओलीले नगरसभा, नगर कार्यापालिकाबाट पारित कानूनहरुको विरुद्धमा नगर शिक्षा समितिको मिति २०७५।०६।२३ गतेको निर्णय कार्यान्वयन गर्नुको सट्टा सामाजिक सञ्जालमा नगर शिक्षा समितिको निर्णय भ्रमपूर्ण भएको भन्दै नगरपालिका, नगरपालिकाका पदाधिकारी र कर्मचारीहरुको मानमर्दन हुने गरी गैरजिम्मेवारीपूर्ण ढङ्गले सामाजिक सञ्जालमा दिएको अभिव्यक्ति गम्भीर भएकोले सो विषयमा नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । निजले सामाजिक सञ्जालको दुरुपयोग गरी निर्णयको विरुद्धमा दिएको अभिव्यक्ति र क्रियाकलापहरुको सम्बन्धमा पुन: स्पष्टिकरण सोध्ने र स्पष्टिकरण चित्तबुझ्दो नभएमा कानून बमोजिम कारवाहीको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. १ मा व्यापक छलफल गर्दा तेस्रो विद्यालय अनुगमन प्रतिवेदन, २०७५ सर्व सहमतिबाट पारित गरियो ।साथै यस आर्थिक वर्षभित्र $P_1$ अन्तर्गतका विद्यालयहरुको भौतिक संरचना निर्माण तथा सुधार गरी $P_2$ श्रेणीमा स्तरोन्नति गर्ने गरी बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ४ मा व्यापक छलफल गर्दा साझेदारी विधेयक, २०७५ आगामी नगरसभाको बैठकमा पेश गर्ने गरी छलफलको लागि स्वीकृत गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ५ मा व्यापक छलफल गर्दा साझेदारी नीति, २०७५ छलफलको लागि स्वीकृत गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ६ मा व्यापक छलफल गर्दा विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५ छलफलको लागि स्वीकृत गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ७ मा व्यापक छलफल गर्दा आठविसकोट नगरपालिका आपतकालिन कार्यसञ्चालन विधि, २०७५ छलफलको लागि स्वीकृत गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ८ मा व्यापक छलफल गर्दा आठविसकोट नगरपालिका मेलमिलाप कार्यसञ्चालन कार्यविधि, २०७५ छलफलको लागि स्वीकृत गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. ९ मा व्यापक छलफल गर्दा गैरसरकारी संस्था समन्वय, परिचालन तथा अनुमगन सम्बन्धि निर्देशीका, २०७५ छलफलको लागि स्वीकृत गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. १० मा व्यापक छलफल गर्दा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति कार्यविधि, २०७५ छलफलको लागि स्वीकृत गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. ११ मा व्यापक छलफल गर्दा बालमैत्री आचारसंहिता, २०७५ छलफलको लागि स्वीकृत गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १२ मा व्यापक छलफल गर्दा फोहोरमैला व्यवस्थापन नियमावली, २०७५ छलफलको लागि स्वीकृत गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १३ मा व्यापक छलफल गर्दा कार्यक्रम तथा योजना सञ्चालन कार्यान्वयन र फरफारक सम्बन्धी कार्यविधि, २०७५ छलफलको लागि स्वीकृत गरियो ।

**निर्णय नं. १५**

प्रस्ताव नं. १४ मा व्यापक छलफल गर्दा तालिम व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७५ छलफलको लागि स्वीकृत गरियो ।

**निर्णय नं. १६**

प्रस्ताव नं. १५ मा व्यापक छलफल गर्दा आठविसकोट नगरपालिकाटोल विकास संस्था सञ्चालन कार्यविधि, २०७५ छलफलको लागि स्वीकृत गरियो ।

**निर्णय नं. १७**

प्रस्ताव नं. १६ मा व्यापक छलफल गर्दा खर्चको मापदण्ड तथा कार्यविधि, २०७५ छलफलको लागि स्वीकृत गरियो ।

**निर्णय नं. १८**

प्रस्ताव नं. १७ मा व्यापक छलफल गर्दा आठविसकोट नगरपालिका भवन निर्माण सम्बन्धी कार्यविधि, २०७५ छलफलको लागि स्वीकृत गरियो ।

**निर्णय नं. १९**

प्रस्ताव नं. १८ मा व्यापक छलफल गर्दा धार्मिक तथा साँस्कृतिक क्षेत्र विकास समिति गठन तथा सञ्चालन निर्देशिका, २०७५ छलफलको लागि स्वीकृत गरियो ।

**निर्णय नं. २०**

प्रस्ताव नं. १९ मा व्यापक छलफल गर्दा आठविसकोट नगरपालिकाको जानकारीमूलक पुस्तिका (स्मारिका), २०७५ विमोचन गरियो ।

**निर्णय नं २१**

११ औं जनगणना २०६८ अनुसारको द्धितीय तथ्यांकको आधारमा नगर फ्रोफाइल निर्माण गर्ने र सोको लागि परामर्श सेवा आह्वान गर्ने निर्णय गरियो ।